# कञ्चन गाउँपालिका
## Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या / Ref No : ०८१/०८०
चलानी नं. / Dispatch No.:- —

**प्रेस विज्ञप्ती**

कञ्चन गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम गर्दै जनताको घरदैलोसम्म स्थानीय सरकारको आभाष दिलाउने गरी प्रचलित ऐन, नियम कानून र कार्यविधिमा रहि सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी र आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्ने कुरामा सदैव दृढ रहि आएको छ। सेवा प्रवाहलाई सरलिकृत बनाई गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु हामी सबैको परम दायित्व र कर्तव्य समेत हो ।

महालेखा नियन्त्रयक कार्यालयको च.नं.३२४ मिति २०८०/०३/११ गतेको परिपत्रानुसार स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने र साल तमाम सम्वन्धमा स्थानीय तहहरुको आर्थिक बर्ष समाप्त हुनुभन्दा ७ (सात) दिन अगावै साविकका वर्षहरुमा जस्तै निकासा भुक्तानी प्रणाली बन्द हुने र मिति २०८०/०३/२४ गते राती १२ बजे पश्चात निकासा भुक्तानी नहुने र प्रणली समेत बन्द हुने सम्वन्धी परिपत्र भएको बेहोरा सम्पूर्णलाई विदितै छ ।

उक्त दिन राती १२ बजे सम्म चालु आ.व.को भुक्तानि दिन नसिकएमा एकातर्फ आम उपभोक्ता तथा व्यवसायीहरुले भुक्तानी नपाउने र अर्को तर्फ संघीय एवं प्रादेशिक अनुदान तर्फका योजना तथा कार्यक्रमहरुको रकम फिर्ता भई अर्को आर्थिक वर्ष स्थानीय तहले आफ्नै खर्चमा सम्पन्न गर्नु पर्दा हाम्रो जस्तो न्यून आय भएको स्थानीय तहमा योजना अलपत्र पर्ने सम्भावनालाई मध्यनजर गर्दै गाउँपालिकाबाट सम्पूर्ण कर्मचारीहरुलाई कार्यालय समयका अतिरिक्त सार्वजनिक विदा तथा राती अबेरसम्मै बसेर भएपनि कार्य फछ्र्यौट गर्न निर्देशन भएको थियो ।

यसै, सन्दर्भमा मिति २०८०/०३/२४ गते कञ्चन गाउँपालिका वडा नं.३ को कार्यालयमा रातको करिब ११.०० बजे तिर मादक पदार्थ सेवन गरी केही युवाहरु कार्यालयमा प्रवेश गरी कार्यालयको नियमित कामकाजमा खटिएका राष्ट्रसेवक कर्मचारीहरु प्रति कपोकल्पित र गम्भीर आरोप लगाई दृष्य खिच्ने (vedio Record) र सामाजिक सञ्जालमा समेत उक्त भिडियोहरु राखी जनताको सेवामा तल्लिन राष्ट्रसेवक कर्मचरीहरुको मनोबल गिराउनुका साथै हतोत्साही गराउने र सेवा प्रवाहमा समेत गम्भीर आघात पुऱ्याउने कार्य भएकोमा कञ्चन गाउँपालिका परिवारको गम्भिर ध्यानाकर्षण भएको हुँदा यस्ता अराजक एवं विकास विरोधी घटना प्रति खेद प्रकट गर्दै उक्त घटनामा संलग्न व्यक्तिहरुलाई कानूनी सजायको दायारामा ल्याउनको लागि सरोकारवाला सम्वन्धित पक्षहरुको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

सेवा प्रवाहको कर्ममा अनवरत खटिएका राष्ट्रसेवक कर्मचारीहरुमाथि कार्यकक्षमा नै हुने यस्ता घटनाले राष्ट्रसेवक कर्मचारीहरुलाई कार्यालयसमयका अतिरिक्त काम गराउने वातावरणको सिर्जना हुन नसकि स्थानीय सरकारलाई समेत अपुरणिय क्षति हुनका साथै सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा समेत प्रभाव पर्न सक्ने देखिन्छ ।

यस्ता गैर कानूनी कार्यमा संलग्न जो कुनै दोषीलाई समेत कानूनी दायारामा ल्याई राष्ट्रसेवक कर्मचारीहरुलाई सेवा प्रवाहमा सहजता ल्याउनु सबैको दायित्व हो । यस गाउँपालिकामा कार्यारत सम्पूर्ण कर्मचारीहरुलाई कार्यालय समयका अतिरिक्त सार्वजिनक बिदाका दिनमा समेत कार्य गरि चालु आ.व. का सबै कार्यहरु सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, उक्त कार्यमा सहयोग गर्नुहुने आम जनसमुदाय, पत्रकार, सुरक्षाकर्मी, संघ-संस्था, राजनैतिक दल, बुद्धिजिवि लगायत सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई यस्ता घटनाहरुबाट विचलित नभई ईमान्दारिताका साथ जिम्मेवारी बहन गर्नुहुन अनुरोध गर्दछु ।

अतः उक्त घटनाका दोषीहरुलाई कानूनी कार्वाहीको दायारामा ल्याउनका लागि प्रक्रिया अगाडि बढाउनका लागि गाउँपालिकाका जनप्रतिनिधिहरुबाट सर्वसम्मत निर्णय भएकोले सामाजिक सञ्जालमा फैलाईएका यस्ता गलत तथा भ्रामक सूचनाको विश्वास नगरि सत्य तथ्य बुझेर मात्र सूचना प्रवाह गर्नुहुन अनुरोध गर्दै संयम र धैर्य रहनुहुन आम जनसमुदायमा अपिल गर्दछु।

(मितिः२०८०/०३/२६)

नवराज ढकाल
गा.पा. अध्यक्ष